**नेपाल नागरिक उड्डयन प्राधिकरण**

# नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान

**सानोठिमी भक्तपुर**

# Basic ARFF-011 तालिमका लागि दरखास्त आव्हान

**(प्रथम पटक प्रकाशित मिति २०७६/०१/०९)**

नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानद्धारा संचालन गर्न लागेको आधारभुत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण (Basic Aerodrome Rescue and Fire Fighting Course-011) तालिमका लागि खुल्ला तथा समावेशी परीक्षाद्धारा प्रशिक्षार्थी छनौट गर्न देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रीत पूर्वक दरखास्त आव्हान गरिएको छ । साथै रीत नपुगी तथा म्याद नाघी आएको दरखास्त फाराम उपर कुनै कारवाही हुने छैन ।

| सि.नं. | विज्ञापन नं. | खुला तथा समावेशी | प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १ | ६/०७५/७६ | खुल्ला | ९ (नौ) |
| २ | ७/०७५/७६ | महिला | २ (दुई) |
| ३ | ८/०७५/७६ | आदिवासी/जनजाती | २ (दुई) |
| ४ | ९/०७५/७६ | मधेसी | २ (दुई) |
| ५ | १०/०७५/७६ | दलित | १ (एक) |

**दरखास्त फाराम पाइने स्थानः** नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुर ।

**दरखास्त फाराम दस्तुरः** रु. २००।- (दुई सय मात्र)

**परीक्षा दस्तुरः** रु. ४००।-(चार सय रुपैया मात्र) तर एक भन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि ५०% थप दस्तुर लाग्नेछ ।

**फाराम दस्तुर र परीक्षा दस्तुर जम्मा गर्नुपर्ने स्थानः** राष्ट्रिय वाणिज्य बैंकको जुनसुकै शाखा कार्यालयहरुमा रहेको यस प्रतिष्ठानको खाता नं. १६९००००००९५०१ मा जम्मा गर्नुपर्ने छ । दरखास्त फारामको लागि आवेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी दस्तुर बुझाएको सक्कल भौचर पेश गरेमा मात्र दरखास्त फाराम प्राप्त हुनेछ ।

**दरखास्त फाराम बुझाउने अन्तिम मितिः** प्रथम पटक विज्ञापन प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र । साथै दरखास्त फाराम बुझाउने अन्तिम दिन विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त फाराम बुझाउन सकिनेछ ।

**आवश्यक न्यूनतम योग्यताः**

१. **शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस एल सी वा S.E. E मा कम्तिमा GPA 2.0 प्राप्त गरि उत्तीर्ण गरेको हुनुपर्ने ।

२. **उमेरः** दरखास्त फाराम बुझाउने अन्तिम मितिसम्म १८ बर्ष पुरा भै २५ वर्ष ननाघेको ।

३. **उचाईः** ५ फिट २ इन्च । ४. **छातीः** कम्तिमा ३२ इन्च र फुलाउदा ३४ इन्च हुनु पर्ने । ५. **वजनः** ५२ के जी

**परीक्षाको किसिमः**

**१. शारीरिक दक्षता परीक्षण** **२. लिखित परीक्षा** **३. अन्तर्वार्ताः**

**४. अन्तर्वार्ताबाट सफल भएका प्रशिक्षार्थीहरुले** Civil Aviation Medical Assessor (CAMA) बाट Basic ARFF Course को Appendix-1 **मा ब्यवस्था भए बमोजिम आ ँ नै खर्चमा स्वास्थ्य परीक्षण गराई आधारभुत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण तालीमका लागि** Physically and Mentally Fit **रहेको सिफारिश पेश गर्नु पर्नेछ ।**

**तालीम अवधिः** १४ (चौध) हप्ताको हुनेछ ।

**शारीरिक दक्षता परीक्षण र लिखित परीक्षाको मिति र परीक्षा केन्द्रः** पछि प्रकाशित गरिनेछ ।

**दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रहरु र उमेर खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ) । विदेशी वोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता हासिल गरेको आवेदकले परीक्षा नियन्त्रण कार्यालयबाट समकक्षता निर्धारण गरिएको कागजात पेश गर्नु पर्नेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको विमानस्थल उद्धार तथा अग्नि निवारण संकाय र प्रशासन शाखामा बुझ्न सकिनेछ ।

**समावेशी तर्फका प्रशिक्षार्थीहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

१. आदिवासी/जनजातीको हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातीको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत भएको जाती भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाती भित्रको थर हो भनी प्रमाणित गरेको प्रतिलिपि दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

२. मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको काजजात दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

३. दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको हकमा सोही आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाती भित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाती भित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

**दरखास्त तथा परीक्षा सम्बन्धी विशेष शर्त तथा जानकारी**

१. Physical Fitness Assessment र Physical Measurement Test उत्तीर्ण गरेका प्रशिक्षार्थीहरु लाई मात्र Physical Efficiency Test मा सहभागी गराइनेछ । त्यसरी नै Physical Efficiency Test उत्तीर्ण गरेका प्रशिक्षार्थीहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ ।

२. खुल्ला र समावेशी प्रतियोगिताका आधारमा लिइने प्रशिक्षार्थी छनौट परीक्षा संयुक्त रुपमा एकै सिटिङ्गमा लिइनेछ ।

३. तालीमका लागि प्रशिक्षार्थी छनौट भै तालीम उत्तीर्ण गरी सकेपछि प्राधिकरणको दरबन्दीमा रिक्त रहेको प्राविधिक सेवा एभिएशन फायर समुह अन्तर्गत रिक्त रहेको तहमा नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली अनुसार प्रक्रिया पूरा गरी नियुक्त गरिनेछ । यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको वेभ साइट www.caanepal.gov.np मा पनि हेर्न सकिनेछ ।